कम्पनीले आफ्नो जारी पूँजी रु. ७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैंया मात्र) को ३०% ले हुन आउने रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको २२,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याएको र उक्त शेयर मध्येको ३% ले हुन आउने ६७,५०० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि र ५% ले हुन आउने १,१२,५०० कित्ता शेयर सामूहिक लगानी कोषका लागि तथा १०% ले हुन आउने २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि सुरक्षित गरी बाँकी रहने १८,४५,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरिनेछ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८१/०५/०६ मा क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB-(Is)" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ । केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । उक्त विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) (पृष्ठ नं.४६) मा समेत उल्लेख गरिएको छ ।

रेटिङ्ग प्राप्त गरेको मिति : वि.सं. २०८१/०५/०६ (सन् २०२४, अगष्ट २२)   बहाल रहने मिति : वि.सं. २०८२/०५/०६ (सन् २०२५, अगष्ट २२)

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

NMIC
NEPAL MICRO INSURANCE COMPANY LIMITED
नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड
रजिष्टर्ड ठेगाना : भरतपुर महानगरपालिका वडा नं.०१, चितवन, नेपाल ।
प्रादेशिक कार्यालय: गैह्रिधारा, महामती भवन, काठमाण्डौ ।
फोन नं.: ९७७-०५६-४९४३२७, ९७७-०१-४५२९३६२,
E-mail : info@nepalmicro.com, Website: www.nepalmicro.com

आह्वान-पत्र

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	१00,000 कित्ता

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८१/१०/०८ गते
निष्काशन बन्द हुने मिति :	२०८१/१०/२२ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

नेटवर्थ सम्बन्धि विवरण

विवरण	वास्तविक	अपरिष्कृत वित्तीय	प्रक्षेपित		
	आ. व.२०७९/८०	आ.व.२०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
प्रति शेयर नेटवर्थ (रु)	१००.८०	१०१.३६	१०१.९०	१०३.३३	१०५.४३
प्रति शेयर आम्दानी (रु)	०.८०	०.५६	०.९५	१.४३	२.११
संचित मुनाफा (रु.हजारमा)	१,७९९	३,०८८	६,२०९	१०,९२९	१७,८७६

नेपाल धितोपत्र बोर्डबाट विवरण स्वीकृत भएको मिति : २०८१/०९/२५, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण दर्ता भएको मिति : २०८१/०९/२५,

१. संस्थाको नाम **नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड (Nepal Micro Insurance Company Limited)**

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९ पौष ०८ नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बीमा ऐन २०७९ तथा बीमा नियमावली २०४९ अनुसार मिति २०७९/१२/२७ गतेका बिन नेपाल बीमा प्राधिकरणबाट लघु निर्जीवन बीमा सम्बन्धी कारोबार गर्ने इजाजत-पत्र प्राप्त गरी लघु निर्जीवन बीमा कम्पनीको हैसियतले मिति २०८०/०१/२६ गतेदेखि लघु निर्जीवन बीमा सम्बन्धी कारोबार सञ्चालन गर्दै आईरहेको छ ।

३. संस्थाको रजिष्टर्ड ठेगाना यस कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर महानगरपालिका वडा नं.०१, चितवन जिल्लामा रहेको छ ।

४. कारोबार गर्ने मुख्य स्थान

भरतपुर-०१ स्थित चितवनमा केन्द्रिय कार्यालय रहको यस संस्थाले कारोबार गर्ने मुख्य स्थान काठमाडौमा रहेको प्रावेशिक कार्यालय सहित ९ शाखा, २ उप शाखा तथा १३ एक्सटेनसन काउण्टरहरु मार्फत आफ्नो व्यवसाय नेपाल भर संचालन गर्दै आईरहेको छ । आवश्यकता अनुसार नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई नेपाल राज्यभर आफ्नो शाखा, उपशाखा तथा सम्पर्क कार्यालय खोली लघु निर्जीवन बीमा सम्बन्धी कारोबार गर्न सक्नेछ । यस कम्पनीले मिति २०८१/०९/१६ गतेसम्म बेहाय बमोजिमका स्थानहरुमा प्रावेशिक कार्यालय सहित ९ शाखा कार्यालय, २ उपशाखा कार्यालय तथा १३ एक्सटेनसन काउण्टरहरुबाट आफ्नो लघु निर्जीवन बीमा सम्बन्धी कारोबार गर्दै आइरहेको छ ।

क. प्रादेशिक कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
१	वाग्मती प्रावेशिक कार्यालय	का.म.न.पा. १, गैह्रिधारा

ख. शाखा कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
कोशी प्रदेश		
२	बिर्तामोड शाखा कार्यालय	बिर्तामोड न.पा, झापा
३	इटहरी शाखा कार्यालय	इटहरी उ.म.न.पा., सुनसरी
मधेश प्रदेश		
४	विरगञ्ज शाखा कार्यालय	विरगञ्ज म.न.पा, पर्सा
बागमती प्रदेश		
५	बनेपा शाखा कार्यालय	बनेपा न.पा., काभ्रेपलाञ्चोक
६	हेटौंडा शाखा कार्यालय	हेटौंडा उ.म.न.पा, मकवानपुर
गण्डकी प्रदेश		
७	पोखरा शाखा कार्यालय	पोखरा म.न.पा, कास्की
लुम्बिनी प्रदेश		
८	बुटवल शाखा कार्यालय	बुटवल उ.म.न.पा., रुपन्देहि
९	नेपालगञ्ज शाखा कार्यालय	नेपालगञ्ज उ.म.न.पा., बाँके

ग. उप शाखा कार्यालय

क्र.सं.	कार्यालयको नाम	कार्यालय रहेको स्थान
गण्डकी प्रदेश		
१	कावासोती उपशाखा कार्यालय	कावासोती न.पा., नवलपरासी
सुदुरपश्चिम प्रदेश		
२	महेन्द्रनगर उपशाखा कार्यालय	भिमदत्त न.पा., महेन्द्रनगर

घ. एक्सटेनसन काउण्टर

क्र.स.	एक्सटेनसन काउण्टरको नाम	कार्यालय रहेको स्थान	प्रदेश
१	इटहरी एक्सटेनसन काउण्टर	इटहरी उ.म.न.पा., सुनसरी	कोशी
२	बिर्तामोड एक्सटेनसन काउण्टर	बिर्तामोड न.पा, झापा	कोशी
३	विरगञ्ज एक्सटेनसन काउण्टर	विरगञ्ज म.न.पा, पर्सा	मधेस
४	गुरजुधारा एक्सटेनसन काउण्टर	चन्द्रगिरी न.पा, काठमाण्डौ	बागमती
५	सल्लाघारी एक्सटेनसन काउण्टर	भक्तपुर न.पा, भक्तपुर	बागमती
६	एकान्तकुना एक्सटेनसन काउण्टर	ललितपुर म.न.पा, ललितपुर	बागमती
७	बनेपा एक्सटेनसन काउण्टर	बनेपा न.पा., काभ्रेपलाञ्चोक	बागमती
८	भरतपुर एक्सटेनसन काउण्टर	भरतपुर म.न.पा, चितवन	बागमती
९	हेटौंडा एक्सटेनसन काउण्टर	हेटौंडा उ.म.न.पा, मकवानपुर	बागमती
१०	पोखरा एक्सटेनसन काउण्टर	पोखरा म.न.पा, कास्की	गण्डकी
११	कावासोती एक्सटेनसन काउण्ट	कावासोती न.पा., नवलपरासी	गण्डकी
१२	बुटवल एक्सटेनसन काउण्टर	बुटवल उ.म.न.पा., रुपन्देहि	लुम्बिनी
१३	नेपालगञ्ज एक्सटेनसन काउण्टर	नेपालगञ्ज उ.म.न.पा., बाँके	लुम्बिनी

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९ पौष ०८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बीमा ऐन, २०७९ तथा बीमा विनियमावली, २०४९ अनुसार मिति २०७९/१२/२७ गते नेपाल बीमा प्राधिकरणबाट निर्जीवन लघुबीमा सम्बन्धी कारोबार गर्न स्वीकृति प्राप्त गरी निर्जीवन लघुबीमा कम्पनीको हैसियतले मिति २०८०/०१/२६ गतेदेखि निर्जीवन लघुबीमा सम्बन्धी कारोबार सञ्चालन गर्दै आइरहेको छ । "सानो इन्स्योरेन्स ठूलो केयर" भन्ने उद्देश्यका साथ स्थापित नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. न्युन आय भएका सिमान्तकृत वर्गका व्यक्तिलाई बीमा सेवा प्रदान गर्दै तथा बीमाको सहज पहुँच दिलाइ आर्थिक जोखिमहरु व्यवस्थापन गर्न र अप्रत्याशित घटनाहरु विरुद्ध आफ्नो भविष्य सुरक्षित गर्न सहायता पुर्‍याउदै आएको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही निर्जीवन बीमा सम्बन्धी कारोबार गर्ने यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ:

(क) दुर्गम, ग्रामिण तथा शहरी क्षेत्रको सीमान्तकृत तथा न्यून आय भएका समुदायलाई लक्षित गरी लघुबीमा सेवाको प्रवाह गर्ने ।
(ख) लघुबीमा सेवाका सेवाग्राहीको रुपमा न्यून आय भएका परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी सहूलियत दरमा लघु बीमा सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने ।
(ग) गरीबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई लघुबीमासँग आवद्ध गरी समन्वयात्मक रुपमा कार्याक्रम संचालन गर्ने ।
(घ) लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी लक्षित वर्गको सम्पत्तिमा पर्ने जोखिम सुरक्षण गर्नेगरी बीमालेख जारी गर्ने ।
(ङ) स्थानीय स्तरमा विद्यमान सामुदायिक संस्था, बचत तथा ऋण सहकारी, लघुवित्त कारोबारमा संलग्न संस्थाहरुसँग आवद्ध जनतालाई समेट्ने गरी लघुबीमाका बीमालेख बिक्री गर्ने ।
(च) स्थानीय तहमा लघुबीमाको पहूँच बढाउनुका साथै त्यस्ता नागरिकहरुमा बीमाको माध्यमबाट सम्पत्तिको सुरक्षण गर्ने प्रचलनको विकास गर्ने ।
(छ) प्रचलित बीमा सम्बन्धि कानूनको अधिनमा रही विभिन्न प्रकारका लघु निर्जीवन बीमा व्यवसाय गर्ने गराउने ।
(ज) दैविक तथा आकस्मिक दुर्घटना घटेको कारणले हुने मृत्यु, शारिरिक चोट पटक, चल अचल सम्पत्तिको नोक्सानी र दायित्व आदिको लागी लघुबीमा गर्ने गराउने ।
(झ) मृत्यु लाभका साथै महिला तथा पुरुषको स्वास्थ्य (चिकित्सा) लघुबीमा गर्ने गराउने ।
(ञ) स्वादेशी विदेशी बीमक, पुनर्बीमक व्यवसायीहरुसंग सहकार्य गरी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सबै किसिमका लघु निर्जीवन बीमा, सह लघु बीमा तथा पुनर्बीमा गर्ने गराउने ।
(ट) निर्जीवन लघु बीमा व्यवसायको सिलसिलामा स्वदेशमा बीमक, पुनर्बीमक, दलाल, बीमा अभिकर्ता, सर्भेयर/ Loss Investigator, Loss Adjuster, Loss Recoverver आदि नियुक्ति गर्ने गराउने, उपरोक्त व्यक्तिलाई कम्पनीको आवश्यक तालिम दिई योग्य बनाई क्षति न्युनिकरणमा सहयोगी बन्ने ।
(ठ) आफुले ग्रहण गरेको बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएका दावी एवं व्यवस्थापन गरेका बीमा कोष अन्तर्गत उत्पन्न हुने दावी भुक्तानी सम्बन्धी कार्य गर्ने ।
(ड) कम्पनीको उद्देश्य पुरा गर्न भैपरी आउने अन्य आवश्यक कार्यहरु गर्ने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पूँजी** : यस कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैयाँ मात्र) रहेको छ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी**: यस कम्पनीको जारी पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) रहेको छ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७५,००,००० (पचहत्तर लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी**: यस कम्पनीको तत्काल चुक्ता पूँजी रु.५२,५०,००,०००/- (अक्षरेपी बाउन्न करोड पचास लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले ५२,५०,००० (बाउन्न लाख पचास हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत प्राथमिक सार्वजनिक निष्काशन गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) हुनेछ ।

७. प्रारम्भिक सार्वजनिक निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचना बेहाय बमोजिम हुनेछ :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना (रु.)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५२,५०,०००	७०%	५२,५०,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष सहित)	२२,५०,०००	३०%	२२,५०,००,०००/-	निष्काशन पश्चात् भुक्तानी हुने
	जम्मा	७५,००,०००	१००%	७५,००,००,०००/-	

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

सञ्चालक समितिको संरचना र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : यस कम्पनीको नियमावली नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

समूह	संचालक संख्या
संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित/निर्वाचित ("क" समूहबाट)	४ जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित ("ख" समूहबाट)	२ जना
स्वतन्त्र विशेषज्ञ सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोट : कम्पनीको सर्वसाधारण शेयरधनी समूहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानून बमोजिम संचालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरी संचालक समिति गठन गरिनेछ ।
सञ्चालकको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

९. सञ्चालक तथा आधारभुत शेयरधनीहरुको विवरण

आधारभूत शेयरधनीको विवरण :

क्र. सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय अनुभव
१	श्री दिपक भट्ट, डडेलधुरा जिल्ला, भद्रपुर, वडा नं.-२	संस्थापक	४४	नेपाली	११,२५,०००	स्नातक	व्यापार	उद्योग व्यापार
२	प्रेम गुरुङ एण्ड ग्रुप प्रा.लि. का.म.न.पा., वडा नं.-२६, काठमाडौं	संस्थापक	लागु नहुने	लागु नहुने	१,२५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
३	रहिशा शाह श्रेष्ठ, का.म.न.पा., वडा नं.-०४, काठमाडौं	संस्थापक	४५	नेपाली	३,००,०००	स्नातकोत्तर	जवलाखेल ग्रुप अफ इन्डस्ट्रिजमा ९ वर्षको कार्य अनुभव ।	उद्योग व्यापार
४	सेन्ट्रम क्यापिटल प्रा.लि., काठमाण्डौं महानगरपालिका, वडा नं.-१	संस्थापक	लागु नहुने	लागु नहुने	११,२५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
५	हुलास अटोक्राफ्ट प्रा.लि., का.म.न.पा., वडा नं.-१, काठमाडौं	संस्थापक	लागु नहुने	लागु नहुने	३,००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
६	श्री शुभम् दुगड, काठमाडौं	संस्थापक	२४	नेपाली	३,००,०००	स्नातक	दुगर अर्थ मुभर्स प्रा. लि. मा करिब ३ वर्षको कार्य अनुभव ।	उद्योग व्यापार
७	सारथी क्यापिटल प्रा.लि., का.म.न.पा., वडा नं.-०१, काठमाडौं	संस्थापक	लागु नहुने	लागु नहुने	५,६२,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
८	प्रिन्टसेल इमेजिंग प्रा.लि., ललितपुर महानगरपालिका, वडा नं.-१०	संस्थापक	लागु नहुने	लागु नहुने	१,१०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
९	श्रीमती लिला अग्रवाल, पर्सा जिल्ला, बीरगंज महानगरपालिका, वडा नं.-५	संस्थापक	५७	नेपाली	१,००,०००	स्नातक	जगदम्बा स्टिलस लिमिटेडमा करिब १० वर्षसम्मको सञ्चालकको कार्य अनुभव ।	उद्योग व्यापार
१०	श्रीमती सुलोचना अग्रवाल, काठमाडौं महानगरपालिका, वडा नं.-१०	संस्थापक	६७	नेपाली	१,००,०००	स्नातक	जगदम्बा स्टिलस लिमिटेडमा करिब १० वर्षसम्मको सञ्चालकको कार्य अनुभव ।	उद्योग व्यापार
११	लियोन मोटर्स प्रा.लि., का.म.न.पा., वडा नं.-३१, काठमाडौं	संस्थापक	लागु नहुने	लागु नहुने	८५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१२	श्रीमती साक्षी बसंल (गुप्ता), काठमाडौं महानगरपालिका, वडा नं.-११	संस्थापक	३४	नेपाली	७५,०००	स्नातक	लाईट् मुन्स् प्रा.लि.मा करिब २ वर्षको मार्केटिङ र व्यापार प्रमुख पदको कार्य अनुभव ।	उद्योग व्यापार
१३	श्रीमती आकाशं गुप्ता, काठमाडौं महानगरपालिका, वडा नं.-११	संस्थापक	४१	नेपाली	७५,०००	स्नातक	लाईट मुन्स् प्रा.लि.मा करिब १० वर्षको सञ्चालकको कार्य अनुभव ।	उद्योग व्यापार
१४	श्रीमती लतिका गोल्याण, काठमाडौं	संस्थापक	४१	नेपाली	७५,०००	स्नातक	मेडइन नेपाल प्रा. लि. मा ३ वर्षको अध्यक्ष पदको कार्य अनुभव ।	उद्योग व्यापार

सञ्चालकहरुको विवरण :

क्र. सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शेयर स्वामित्व रकम	शैक्षिक योग्यता	प्रस्तावित व्यापार	अन्य व्यवसाय
१.	श्री आशिष श्रेष्ठ (लियोन मोटर्स प्रा.लि. तर्फबाट मनोनित) शान्तीनगर, काठमाडौं	अध्यक्ष	४३	नेपाली	८५,०००	८,५००,०००	स्नातकोत्तर	नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा मिति २०८०/११/२१ गते देखि हालसम्म अध्यक्षको पदमा कार्यरत ।	- लियोन ग्रुप नेपालमा -कार्यकारी अध्यक्षको पदमा सन् २००६ साल देखि कार्यरत । - Capital Assets Commodities Ltd. मा सन् २००५ साल देखि २००६ सालसम्म ।
२.	श्री सिद्धान्त झुनझुनवाला (बिजवर्ल्ड एडभाईजरि प्रा.लि. तर्फबाट मनोनित) जनकपुर १, धनुषा	सञ्चालक	२८	नेपाली	७५,०००	७,५००,०००	सि.ए	नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा मिति २०८०/११/२१ गते देखि हालसम्म सञ्चालकको पदमा कार्यरत ।	- सुभास एण्ड कम्पनीमा कार्यकारी निर्देशकको पदमा सन् २०१९ साल देखि कार्यरत । - Nepalese Young Entrepreneurs Forum (NYEF) मा सन २०२१ देखि हाल सम्म आवद्ध ।
३.	श्री प्रविना दाहाल, बिराटनगर, मोरङ	सञ्चालक	४३	नेपाली	५०,०००	५,०००,०००	स्नातकोत्तर	नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा मिति २०८०/११/२१ गते देखि हालसम्म सञ्चालकको पदमा कार्यरत ।	- राष्ट्रिय प्रशिक्षण र अनुसन्धान ऐकेडेमीमा कार्यकारी निर्देशकको पदमा सन् २०१५ साल देखि कार्यरत ।
४	श्री लतिका गोल्यान, काठमाण्डौं-१०	सञ्चालक	४१	नेपाली	५०,०००	५,०००,०००	स्नातकोत्तर	नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा मिति २०८०/११/२१ गते देखि हालसम्म सञ्चालकको पदमा कार्यरत ।	- लेकाली नेपाल प्रा.लि. - एमडी एण्ड संस्थापक सन् २००९ साल देखि कार्यरत - मेड ईन नेपाल प्रा.लि. - एमडी एण्ड संस्थापक सन् २०१९ साल देखि कार्यरत
५	श्री बद्री सिग्देल, सिन्धुकोट -१, सिन्धुपाल्चोक	स्वतन्त्र सञ्चालक	३७	नेपाली	–	–	स्नातकोत्तर	नेपाल माईक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा मिति २०८०/११/२१ गते देखि हालसम्म स्वतन्त्र सञ्चालकको पदमा कार्यरत ।	- शौर्य सिमेन्ट उद्योग प्रा.लि. मा वरिष्ठ लजिस्टिक प्रबन्धकको पदमा सन् २०१५ देखि कार्यरत रहेका - नेपाल सिलिण्डरस् प्रा. लि.मा सन् २०१२ साल देखि २०१५ सम्म कार्यरत

१०. धितोपत्र जारी गर्नुको उद्देश्य

१. कम्पनीको जारी पूँजी रु.७५ करोड मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण सो को ३०% अर्थात रु.२२,५०,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- अङ्कित दरका २२,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा (विदेशिक रोजगारीमा रहेका नेपाली नगारिकहरु, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) विक्रि वितरण गरी कम्पनीको सञ्चालक समितिमा सर्वसाधारणको समेत प्रतिनिधित्व गराउन ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
३. कम्पनीले आफ्नो सेवा विस्तार गर्ने क्रममा बीमा व्यवसायको जोखिम धारण क्षमता बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
४. नेपाल बीमा प्राधिकरणबाट मिति २०८१/०७/२० (प.सं.का.शा.३९/०८१/०८२ च.नं.२०७४) को पत्र मार्फत यस कम्पनीको आगामी साधारण सभा (२०८१ पौष मसान्त) अगावै चुक्ता पूँजी (पचहत्तर करोड) कायम गरी सक्न निर्देशन भएको जानकारी गर्दछौं ।

११. सिमित दायित्व सम्बन्धी विवरण

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अंकित मूल्य सम्ममात्र सिमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१२. सकारात्मक पक्षहरु

१. बीमा क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस कम्पनीको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको,
२. पिछडीएको क्षेत्र, विपन्न वर्ग, सिमान्तकृत समुदाय तथा बीमाको दायरामा नआएका व्यक्तिहरु सम्म सेवा विस्तार,
३. स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट बीमा व्यवसाय सेवा प्रदान गर्दै आइरहेको,
४. छटो छरितो दाबी भुक्तानी गर्न सक्षम,
५. नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६. स्थानीय समुदायमा बीमा कम्पनीले बनाएको अमिट छाप,

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधि भरको लेखापरीक्षण भएको संक्षिप्त वित्तिय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा)

यस कम्पनीको संचालन अवधि भरको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबसहितको वित्तीय विवरण बेहाय बमोजिम रहेको छ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)		अपरिष्कृत २०८०/०८१ (रु.हजारमा)	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०		आ.ब. २०८१/८२	आ.ब. २०८२/८३	आ.ब. २०८३/८४
सम्पत्ति						
गुडवील र अमूर्त सम्पत्ति	–	११,१३०	११,४४०	१२,८१०	११,३०८	८,६९३
सम्पत्ति, प्लान्ट र उपकरण	–	९,०५२	३५,०६८	३८,५४९	४५,०५१	४५,३१८
सम्पत्तिमा लागानी	–	–	–	–	–	–
स्थगन कर सम्पत्ति	–	–	–	–	–	–
साहयक कम्पनीमा लगानी	–	–	–	–	–	–
सम्बनधी कम्पनीमा लगानी	–	–	–	–	–	–
लगानीहरु	–	४६७,५००	४८३,५८८	७२१,५८८	७९३,७४७	८३५,०८९
ऋणहरु	–	९२०	–	–	–	–
पुनर्बीमा सम्पत्तिहरु	–	–	३७,१५३	९७,०६१	१५९,८८२	२२८,४०३
चालु कर सम्पत्ति	–	८०३	९,४४१	५,८७४	५,२०७	३,५५०
बीमाबाट प्राप्त हुन बाँकी	–	–	–	–	–	–
अन्य सम्पत्तिहरु	–	३,२८२	१,०८५	१,१९४	१,३१३	१,४४५
अन्य वित्तिय सम्पत्तिहरु	–	८४०	७२३	७९५	८७५	९६२
नगद र नगद बराबर	–	३२,०७२	५७,२४९	७७,२८५	४०,९८२	५७,२८८
कुल सम्पत्ति	–	५४५,६०१	६३५,७४६	९५५,१५६	१,०५८,३६६	१,१८०,७४७
इक्वीटी तथा दायित्वहरु	–					
इक्वीटी	–					
शेयर पूँजी	–	५२५,०००	५२५,०००	७५०,०००	७५०,०००	७५०,०००
शेयर प्रिमियम	–	–	–	–	–	–
Special Reserves	–	२,१४३	३,६०८	७,१५५	१२,५१९	२०,४१२
महाबिपत्ती कोष	–	२१४	३६१	७१५	१,२५२	२,०४१
संचित मुनाफा	–	१,७९९	३,०८८	६,२०९	१०,९२९	१७,८७६
अन्य इक्वीटी	–	४३	७२	१४३	२५०	४०८
कुल इक्वीटी	–	५२९,१९९	५३२,१२९	७६४,२२२	७७४,९५०	७९०,७३७
दायित्वहरु	–					
प्रावधानहरु	–	३४६	१,२१०	१,२१०	१,२१०	१,२१०
कुल बीमा करार दायित्व	–	१	५८,५७७	१४७,५००	२३५,९००	३३७,०००
स्थगन कर दायित्वहरु	–	८७	८७	८७	८७	८७
बीमा भुक्तानी	–	–	२१,१६८	१३,५४०	२१,१६८	२१,१६८
चालु कर दायित्वहरु	–	–	–	–	–	–
सापटी	–	–	–	–	–	–
अन्य दायित्वहरु	–	१४,४१५	२१,६२५	२६,४०५	२०,९९६	२३,८२३
अन्य वित्तीय दायित्वहरु	–	१,५५१	९५०	२,१९१	४,०५४	६,७२१
कुल दायित्वहरु	–	१६,४०२	१०३,६१८	१९०,९३५	२८३,४१६	३९०,०१०
कुल इक्वीटी तथा दायित्वहरु	–	५४५,६०१	६३५,७४६	९५५,१५६	१,०५८,३६६	१,१८०,७४७

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)		अपरिष्कृत (रु.हजारमा) २०८०/८१	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०		आ.ब. २०८१/८२	आ.ब. २०८२/८३	आ.ब. २०८३/८४
आम्दानी	–					
कुल प्रिमियम आम्दानी	–	१२	५१,५८५	१७६,५८३	३००,०००	४२५,०००
प्रिमियम हस्तान्तरण	–	२	३३,०४६	११५,३००	२००,८९८	२८८,१३३
खुद प्रिमियम आम्दानी	–	१०	१८,५३९	६१,२८३	९९,१०२	१३६,८६७
कमिशन आम्दानी	–	०	६,९९५	२६,६२१	४७,९७५	६८,८४६
अन्य प्रत्यक्ष आम्दानी	–	–	–	–	–	–
लगानी र ऋणबाट आम्दानी	–	१६,७८५	४५,६७५	५०,५११	५५,५६२	५८,४५६
Net Gain/(Loss) on fair value Changes	–	–	–	–	–	–
खुद प्राप्त नाफा/(नोक्सान)	–	–	–	–	–	–
अन्य आम्दानी	–	–	४६२	८५०	१,०००	१,५००
जम्मा आम्दानी	–	१६,७९४	७१,६७०	१३९,२६५	२०३,६३९	२६५,६६९
खर्चहरु	–					
कुल दावी भुक्तानी	–	–	६,६६८	२०,०००	७७,०००	११२,०००
दावी हस्तान्तरण	–	–	(३,७८२)	(१३,९६१)	(५१,९६१)	(७५,६३२)
करार दायित्वहरुमा परिवर्तन	–	–	६,९९४	२२,५००	६०,९००	८७,०००
पुनर्बीमाकर्ताहरुलाई हस्तान्तरण गरेको करार दायित्वहरुमा परिवर्तन	–	–	(४,१०७)	(१४,८०६)	(४१,२३९)	(५८,९१३)
खुद दावी भुक्तानी	–	–	५,७७२	१४,५३३	४४,७००	६४,४५५
कमिशन खर्चहरु	–	–	३१४	२,५००	१०,५००	२५,०००
सेवा शुल्कहरु	–	०	१८५	४२७	५६४	८०५
अन्य प्रत्यक्ष खर्चहरु	–	–	–	–	–	–
कर्मचारी लाभ खर्चहरु	–	५,८२३	३७,८९६	६९,१८१	८०,५६४	८९,२५३
ह्रासकट्टी र परिशोधन खर्चहरु	–	२,०५०	५,२९३	६,४४७	८,९००	११,९४८
Impairment Losses	–	–	–	–	–	–
अन्य सञ्चालन खर्चहरु	–	२,६५७	१६,८८७	३४,९०५	४१,९४८	५१,३१६
वित्तिय लागत	–	२५४	१,१३७	१,१३७	१,१३७	१,१३७
जम्मा खर्चहरु	–	१०,७८४	६७,४८५	१२९,१३२	१८८,३१३	२४३,११५
इक्विटी विधि र कर प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर अघि वर्षको लागि खुद नाफा /(नोक्सान)	–	६,०११	४,१८५	१०,१३३	१५,३२६	२२,५५४
इक्विटी विधि प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर	–	–	–			
कर अघिको नाफा	–	६,०११	४,१८५	१०,१३३	१५,३२६	२२,५५४
आयकर खर्चहरु	–	१,८०२	१,२५६	३,०४०	४,५९८	६,७६६
वर्षको खुद नाफा/(नोक्सान)	–	४,२०९	२,९३०	७,०९३	१०,७२८	१५,७८८
प्रति शेयर आम्दानी	–					
आधारभूत प्रति शेयर आम्दानी	–	०.८०	०.५६	०.९५	१.४३	२.११
डाइलुटेड् प्रति शेयर आम्दानी	–	०.८०	०.५६	०.९५	१.४३	२.११

१४. संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ :

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक	अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
चुक्ता पूँजी (रु.हजारमा)	५२५,०००	५२५,०००	७५०,०००	७५०,०००	७५०,०००
संचित मुनाफा (रु.हजारमा)	१,७९९	३,०८८	६,२०९	१०,९२९	१७,८७६
रिजर्भ तथा अन्य इक्वीटी	२,४००	४,०४१	८,०१३	१४,०२१	२२,८६२
कुल नेटवर्थ	५२९,१९९	५३२,१२९	७६४,२२२	७७४,९५०	७९०,७३७
खुद नाफा/(नोक्सान) (रु. हजारमा)	४,२०९	२,९३०	७,०९३	१०,७२८	१५,७८८
शेयर संख्या ('००० मा)	५,२५०	५,२५०	७,५००	७,५००	७,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००।८०	१०१।३६	१०१।९०	१०३।३३	१०५।४३
प्रति शेयर आम्दानी (रु.)	०।८०	०।५६	०।९५	१।४३	२।११
नेटवर्थमा प्रतिफल (%)	०।८०	०।५५	०।९३	१।३८	२।००
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा) :					०.५५%

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बीमा बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पूनरावलोकन गरी विवरण ठीक छ भनी बि.आर.एस. न्यौपाने एण्ड कम्पनी एशोसियट्स, चार्टर्ड एकाउन्टेन्टसद्वारा प्रमाणित गरेको हो ।

ख. विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : विगत २ वर्ष देखि मात्र कम्पनी सञ्चालनमा रहेकोले सो व्यवस्था लागू नहुने

१५. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै, त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने:

क्र.सं.	कर्मचारीको नाम तथा पद	शैक्षिक योग्यता	नियुक्ति मिति	अनुभव	यस संगठित संस्थामा रहेको शेयर संख्या
१.	श्री मृगेन्द्र नाथ रिमाल, प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	२०७९/१२/२७	- कृषि विकास बैंकमा २६ वर्षको बैंकिङ्ग क्षेत्रको अनुभव, - Development Alliance Nepal P. Ltd मा ट्रेनरको रुपमा बिगत ६ वर्षको अनुभव,	नभएको
२.	श्री अनिल गिरी, नायब प्रमुख कार्यकारी अधिकृत	स्नातक	२०७९/१२/२७	- विगत २० वर्ष सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडमा अनुभव, - विगत ५ वर्ष सानिमा जेनेरल इन्स्योरेन्स कम्पनी लिमिटेडमा अनुभव, - विगत ३ वर्ष ए वान इन्स्योरेन्स ब्रोकर प्रा.लि.मा प्रमुख कार्यकारी अधिकृतको अनुभव,	नभएको
३.	श्री प्रबिना नेपाल, महाप्रबन्धक	स्नातक	२०७९/१०/०५	- विगत २ वर्ष नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा अनुभव, - विगत १ वर्ष जगदम्बा मोटर्समा Credit Co-ordinator को अनुभव, - विगत २ वर्ष Mary Ronis Events, Sydney Australia मा प्रबन्धकको अनुभव,	नभएको

माथि उल्लेखित कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको ।

१६. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

अन्तर्निहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : निक्षेप लगानी तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु तथा नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : लागू नहुने ।
ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** :
   १. नयाँ समान प्रकृतिका कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
   २. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
   ३. पुनर्बीमा कम्पनीको नेपाली लघु बीमा बजार प्रतिको विश्लेषणबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।
   ४. बीमा प्रतिस्पर्धी बजारबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।
घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम** : लागू नहुने ।
ङ) **विदेशी विनिमयको जोखिम** : देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्नसक्ने अवरोधहरु** : हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।
छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** :
   १) अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
   २) अन्तर्राष्ट्रिय बीमा बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**
   १) नेपाल बीमा प्राधिकरणले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिम ।
   २) नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
झ) **संचालन इतिहासको अभाव** : यस कम्पनीले आफ्नो कारोबार मिति २०८० वैशाख २६ गतेबाट सञ्चालनमा ल्याएको हुँदा बीमा कम्पनीको कारोबार सञ्चालनको इतिहासको छोटो अनुभव रहेको छ । एक वर्षको संचालन अवधिमा कम्पनीले आफुलाई लघु बीमा बजारको क्षेत्रमा प्रतिष्पर्धीहरु बीच एक सबल संस्थाको रुपमा उभ्याई कुल लघु बीमा बजारको करीब ३५ प्रतिशत हिस्सा ओगटन सफल भएको छ ।
ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** :
   १) नयाँ प्रविधिको विकास संगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने सञ्चालन तथा साख सम्बन्धी जोखिम ।
   २) प्रविधि सम्बन्धी परिवर्तनबाट कम्पनीको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनीकरण गर्न कम्पनी सक्षम रहेको छ ।
ट) **अन्य** :
   १) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
   २) देशको आर्थिक अवस्थामा आउने उतार चढाववाट हुन सक्ने जोखिमहरु ।
   ३) बैंक तथा बित्तिय संस्थाको निक्षेपको ब्याजदर घटनाले लगानीबाट हुने ब्याज आम्दानीको संकुचन जोखिम ।
   ४) पूँजी बजारमा आउने गिरावटको कारण बीमा कम्पनीको लगानीको मूल्यमा ह्रास आउने जोखिम ।
   ५) दैवी प्रकोप, महामारी रोग तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई व्यवसायमा आउने प्रभाव तथा बीमादावीमा वृद्धी हुने जोखिम ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :

- कम्पनीमा सक्षम र सबल आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने,
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने ।
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने ।
- अनुभवी तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने ।
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने ।
- वित्तीय साधनको समुचित व्यवस्थापनका लागि सम्पत्ति/दायित्व व्यवस्थापन विशेष ध्यान दिई अधिक प्रतिफलजन्य वित्तीय उपकरणहरुको पहिचानका लागि लगानी उपसमितिको भूमिका विस्तारित गर्ने ।
- निश्चित हद भन्दा माथिको बीमाङ्क रकम स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग पुनर्बीमा गरी अन्तर्निहित जोखिमको व्यवस्थापन गर्ने ।
- ग्राहक पहिचान सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउँदै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरी यस सम्बन्धी जोखिमको व्यवस्थापन गर्ने ।
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनहरुको पूर्ण परिपालना गरी अन्तर्निहित जोखिम पहिचान गरी सोको व्यवस्थापन गर्ने ।
- कम्पनीको सूचना प्रविधि तथा जोखिम व्यवस्थापन नीति अनुरुप कम्पनीको सूचना प्रविधि प्रणालीलाई चुस्त र अद्यावधिक बनाई राख्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गर्दै लैजाने ।

जोखिम न्यूनीकरणका लागि कम्पनीले देहाय अनुसार पुनर्बीमा गरेको छ :

क्र.सं.	पुनर्बीमाको प्रकार	विवरण	सम्झौता	बहाल अवधि
१	लघु सम्पति बीमा	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को २६.४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ७३.६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. ६% र हिमालय रि-इन्स्योरेन्स लि. संग ६७.६% पुनर्बीमाको सम्झौता गरिएको ।	नेपाल पुर्नबीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स कम्पनीसंग सम्झौता भएको,	२०८२/०३/३१
२	मोटर लघु बीमा	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को ४४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ५६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.संग ६% प्रतिशत र हिमालय रि-इन्स्योरेन्स लि. संग ५०% पुनर्बीमाको सम्झौता गरिएको दुई पाङ्ग्रे मोटर बीमा बहेकमा पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को २६.४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ७३.६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.संग ६ प्रतिशत र हिमालय रि-इन्स्योरेन्स लि. संग ६७.६ प्रतिशत पुनर्बीमाको सम्झौता गरिएको ।	नेपाल पुर्नबीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स कम्पनीसंग सम्झौता भएको,	२०८२/०३/३१
३	विविध (सेधमारी, व्यक्तिगत, सामुहिक दुर्घटना) लघु बीमा,	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को २६.४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ७३.६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.संग ६% र हिमालय रि-इन्स्योरेन्स लि. संग ६७.६% पुनर्बीमाको सम्झौता गरिएको ।	नेपाल पुर्नबीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स कम्पनीसंग सम्झौता भएको,	२०८२/०३/३१
४	ईञ्जिनियरिङ्ग लघु बीमा	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को २६.४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ७३.६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. संग ६% र हिमालय रि-इन्स्योरेन्स लि. संग ६७.६% पुनर्बीमाको सम्झौता गरिएको ।	नेपाल पुर्नबीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स कम्पनीसंग सम्झौता भएको,	२०८२/०३/३१
५	सामुन्द्रिक लघु बीमा	पुनर्बीमा कम्पनी सँगको सम्झौता अनुसार कुल बीमाङ्को २६.४% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ७३.६% को जोखिम पुर्नबीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.संग ६ प्रतिशत र हिमालय रि-इन्स्योरेन्स लि. संग ६७.६ प्रतिशत पुनर्बीमाको सम्झौता गरिएको ।	नेपाल पुर्नबीमा कम्पनी र हिमालयन रिइन्स्योरेन्स कम्पनीसंग सम्झौता भएको,	२०८२/०३/३१

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
सर्वसाधारणहरुको लागि रु.१००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने २२,५०,००० कित्ता साधारण शेयरको लागि रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैयाँ मात्र) रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिम कम्पनीद्वारा प्रदान गरिएको छ :

सि.नं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूति गरेको शेयर संख्या	प्रत्याभूत रकम (रु.)
१.	एनएमबि क्यापिटल लिमिटेड	२२,५०,०००	२२,५०,००,०००/-
	जम्मा	**२२,५०,०००**	**२२,५०,००,०००/-**

१८. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया:**
वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :
नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने २२,५०,००० कित्ता धितोपत्रको १० प्रतिशले हुन आउने २२५,००० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कथंकदाचित वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समूहमा थप गरी जारी गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँड मा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** :
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।

घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** :
यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचीकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको

च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, भरतपुर महानगरपालिका वडा नं.०१, चितवन, वा कर्पोरेट कार्यालय गैह्रिधारा, महामती भवन, काठमाडौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम १,००,००० (एक लाख) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन् ।

२०. आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः

विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्युनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम १,००,००० (एक लाख) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

२१. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

१. निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण : साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, बीमा ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । लघु निर्जीवन बीमाको प्रकृति बमोजिम व्यवसाय बृद्धिको अनुपातमा चुक्ता पूँजी वृद्धि भएमा कम्पनीको वित्तीय क्षमता थप सुदृढ हुनुका साथै चुक्ता पूँजी तथा जगेडा कोषलाई एउटा निश्चित अनुपातमा राख्दा कम्पनीको सोल्भेन्सी मार्जिन समेत सकारात्मक हुने भई कम्पनीको समग्र वित्तीय अवस्था सुदृढ हुने हुदाँ यस सार्वजनिक निष्काशनबाट प्राप्त रकमले उक्त अवस्था अनुकुल बनाउन मद्दत गर्दछ । यसैगरी नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको नयाँ लगानी निर्देशिकाले विभिन्न पूर्वाधारजन्य क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानीको अवसरहरु प्रदान गरेकोले त्यस्तो क्षेत्रहरुमा लगानी विस्तारका लागि उक्त रकम उपयोगको लागि पहल गरिनेछ । साथै साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनीको नियमित कारोबार एवं आर्थिक कारोबारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ :

क्र.सं.	निष्काशनबाट प्राप्त रकम उपयोगको विवरण	रकम (रु.)
१	बैंक तथा वित्तिय संस्थाद्वारा जारी मुद्दती निक्षेप	१२,५०,००,०००/–
२	बैंक तथा वित्तीय संस्थाद्वारा जारी ऋणपत्र तथा डिवेञ्चर	६,००,००,०००/–
३	नागरिक लगानी कोष तथा म्युचुअल फण्ड	२,५०,००,०००/–
४	शाखा विस्तार तथा भौतिक पूर्वाधारको अभिवृद्धि	१,५०,००,०००/–
	जम्मा	२२,५०,००,०००/-

२२. निष्काशन बैंक (Bankers to the Issue) :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाताको नाम	बैंक खाता नम्बर
१.	श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ	NIMB ACE- Nepal Micro Insurance IPO	०३६०१०४०२६८४४८

२३. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	कम्पनीको नाम र ठेगाना
१.	नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, भरतपुर, चितवन र वेबसाइट : www.nepalmicro.com
२.	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट : www.nimbacecapital.com
२.	नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ ।
वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :	
वैदेशिक रोजगारमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।	

२४. धितोपत्र बिक्री खुल्ला अवधि

यस विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन खुल्ला गरिनेछ । जसको अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । उक्त शेयरहरु बाँडफाँड गरे पश्चात् सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालन अधिकृत श्री सन्देश सुवेदी ज्यूलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४५२५२८० (एक्सटेन्शन: ४४७) मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com